स्थानीय सरकार
मेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

पत्र सङ्ख्या : २०८०/०८१
चलानी नम्बर : 9808

भेड्पु, दोलखा, नेपाल

प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना !!!

सूचना प्रकाशन मिति : २०८०/११/१४

उपर्युक्त सम्बन्धमा नेपाल सरकारबाट आ.व २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको लागी शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतका तपशिल बमोजिमका कार्यक्रमहरुको कार्यान्वयन गर्नुपर्ने भएकोले यस गाउँपालिका भित्र आधारभूत तह (१-८) र माध्यमिक तह (१-१२) सञ्चालित ईच्छुक सामुदायिक विद्यालयहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आईपुग्ने गरी यस कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखामा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

१. शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन

| कार्यक्रम | संख्या | दर | जम्मा रकम | छनोटका आधार |
|---|---|---|---|---|
| विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | २ | ६५००००।० | १३०००००।० | • जेष्ठ विद्यालय • विद्यार्थी संख्या<br>• विगतमा यस प्रकारको अनुदान नपाएका विद्यालय विज्ञान विषय पढाई भएका विद्यालय<br>• प्राविधिक धार सञ्चालित भएका विद्यालय<br>• नमुना विद्यालय (यस्ता प्रकृतिका विद्यालयले अघिल्लो आ.व. मा नै यो कार्यक्रमका लागि बजेट प्राप्त गरेका भए जेष्ठ उच्च विद्यार्थी संख्या भएको आ.वि. लाई दिईने |
| विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ, किताब खरिद तथा ई पुस्तकालय समेत) | ३ | ६५००००।० | १९५००००।० | • लाईब्रेरी नभएका माध्यमिक विद्यालय<br>• गत आ.व.मा यस प्रकारको अनुदान नपाएका माध्यमिक विद्यालय<br>• लाईब्रेरी व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा भएको<br>• माध्यमिक तहमा विद्यार्थी संख्या उच्च रहेका विद्यालयहरु, सबै मा.वि. ले पाइ सेकका भए जेष्ठ उच्च विद्यार्थी संख्या रहेका १-८ चलेको आधारभूत विद्यालयले पाउने । |

सन्जय शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

पत्र सङ्ख्या : २०८०/०८१
चलानी नम्बर : 1808

भेडपु, दोलखा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| शैक्षिक व्यवस्थापकीय सुधार सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | प्रथम र द्वितीय गरी जम्मा २ | प्रथम ३०००००।० द्वितीय २०००००।० | ५०००००।० | आधारभूत तर्फ १०० विद्यार्थी र माध्यमिक तर्फ २०० विद्यार्थी भएका विद्यालयहरू मध्ये सामाजिक परीक्षण मापदण्ड २०७८ अनुरूप विद्यालयको आव २०७९/८० को सामाजिक परीक्षण रिपोर्ट अनुसार उच्चतम अंक प्राप्त गर्ने प्रथम र द्वितीय विद्यालयले पाउने । |

नोटः विद्यालयहरूले कार्यक्रम प्रस्ताव पत्र पेश गर्दा सामाजिक परीक्षण मापदण्ड २०७८ अनुरूप विद्यालयको आव २०७९/८० को सामाजिक परीक्षण रिपोर्ट अनिवार्यरूपमा पेश गर्नुपर्ने समेत जानकारी गराइन्छ ।

.....................
सन्जय शिवाकोटी
(प्रमुख प्रशासकीय अधिकृत)

सन्जय शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत


E-mail : info@melungmun.gov.np, melungrmc@gmail.com, Website : melungmun.gov.np
☎ ९८५१२४९२०१, ९८५११४९२०१